नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

धनगढी, कैलाली

☎ २११०१ २१८०१ २१३०१ २१३०२

पत्र संख्या :-
चलानी नं :- 3622

मिति: २०६६/१०/१२

विषय :- **सूचना टाँसको जानकारी पठाएको ।**

श्री कैलाली जिल्ला अदालत
धनगढी कैलाली

त्यस कार्यालयको च.नं. ५८६६ मिति २०६६/१०/०८ को पत्रसाथ प्राप्त सूचना १(एक) प्रति यस कार्यालयको सूचना पाटीमा मिति २०६६/१०/१३ टाँस गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

2066/10/13

( मीना जोशी
प्रशासकीय अधिकृत )

Scanned with CamScanner

अनुसूची-२०

(नियम ५७ को खण्ड (ञ) सँग सम्बन्धित)

# कैलाली जिल्ला अदालत,धनगढी

## लिलाम बढाबढको सूचना

वादी जिल्ला कैलाली टीकापुर नगरपालिका वडा नं.१ बस्ने रितादेवी मल्ल प्रतिवादी ऐ.ऐ. वडा नं.१ ब्लक नं.१२ बस्ने मिनादेवी थापा भएको लेनदेन मुद्दाहरुमा यस अदालतका अन्तिम फैसला बमोजिम वादी रितादेवी मल्लले प्रतिवादी मिनादेवी थापाबाट भराई पाउने लेनेदन मुद्दा नं.०७४-CP-०२१६ नि.द.नं.११२ को सावाँ रु.४,००,०००।- कोर्टफी रु.८,६०६।-ब्याज २,००,४३८।- गरी जम्मा रु.६,०९०४४।– लेनदेन मुद्दा नं. ०७५-CP-०४४९ नि.द.नं.३४/१०३ को सावाँ रु.१,००,०००।- कोर्टफी रु.३७६७।- ब्याज ३२,२९७।- गरी जम्मा रु.१,३६,०६४।- लेनदेन मुद्दा नं.०७५-CP-०४४८ नि.द.नं.३३/१०२ को सावाँ रु.५०,०००।- कोर्टफी रु.१९७३।- ब्याज १५,८६१।- गरी जम्मा रु.६७,८३४।- समेत गरी वादी रितादेबी मल्लले प्रतिबादी मिनादेबी थापाबाट भराई पाउने सावाँ, कोर्टफी र भरिभराउ हुंदासम्मको ब्याज समेत जम्मा विगो रकम रु.८,१२,९४२।-(आठ लाख बाह्र हजार नौ सय बयालीस) र त्यसैगरी वादी काजल मल्लले यीनै प्रतिवादी मिनादेबी थापाबाट भराई पाउने लेनदेन मुद्दा नं.०७५-CP-०४४७ नि.द.नं.२८/९७ को सावाँ रु.४,५०,०००।- कोर्टफी रु.१२,४२७।- र भरिभराउँ हुँदासम्मको ब्याज रु.१,९७,२१९।- समेत गरी जम्मा रु.६,५९,६४६।-(छ लाख उनन्साठी हजार छ सय छयालीस) समेत प्रतिवादी मिनादेवी थापाकै नाउँमा दर्ता रहेको उक्त जेथाबाट भराई दिनुपर्ने भएकोले वादी रितादेवी मल्ल र वादी काजल मल्लले प्रतिवादी मिनादेवी थापाबाट भराई पाउने कुलजम्मा बिगो रकम रु.१४,७२,५८८।-(चौध लाख बहत्तर हजार पाँच सय अठासी) प्रतिवादीले वादीहरुलाई नबुझाएको र सो रकम यस अदालतमा दाखिला गर्न समेत नल्याएको हुँदा वादीहरुले फैसला अनुसार प्रतिवादीबाट भराई पाउने बिगो रकम तपसिलमा उल्लेखित सम्पत्तिबाट भराई पाउँ भनी वादीहरुको यस अदालत फैसला कार्यान्वयनमा निवेदन परी कारवाही हुदा प्रतिवादीको उक्त सम्पत्ति दोस्रो पटक मिति २०७७/१०/२३ गते दिनको १२:०० बजेदेखि २:०० बजेसम्म यस अदालतमा डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको बेहोरा सुचित गरिन्छ।

**तपसिल**

१) यस अदालतको तहसिल शाखामा मिति २०७७/१०/२३ गते दिनको १२:०० बजेदेखि दिनको २:०० बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकवोल गर्न सकिनेछ।

२) डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।

३) कायम भएको न्यूनतम पञ्चकृते मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ।

४) डाँक लिलामको बखत बोलकवोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिला गर्नुपर्नेछ। बाँकी बोलकवोल गरेको रकम डाँक लिलाम भएको मितिले ७(सात) दिनभित्र दाखिला गर्नु पर्नेछ। त्यसरी ७(सात) दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ।

५) डाँक लिलाम बढाबढ हुंदा सबैभन्दा बढी अंक बोलकवोल गर्नेलाई डाँक सकार गराईनेछ।

६) डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।

Scanned with CamScanner

चलानी नं. : २६२२

७) डाँक लिलाम हुने सम्पत्तिको बिवरणः-

| जग्गाधनिको नामथर | जिल्ला | ठेगाना | कित्तानं. | क्षेत्रफल | तर्फ | डाँक बोल्नुपर्ने न्यूनतम मूल्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| मिनादेबी थापा | कैलाली | टी.न.पा.वडा नं.९ज | ११६२ | ००३३९.०० व.मि. जग्गा सो मा बनेको कच्ची घर समेत | पुरै | जग्गाको रु.१३८३५००।- घरको मू.रु.१,००,०००।- |
| | | | | | कुलजम्माः- | रु.१४,८३,५००।- |

८) उक्त जेथा पहिलो पटक लिलाम बढावढ बोल्नको लागि कुनै पनि दरखास्त नपरी पहिलो पटक लिलाम नभएको खण्डमा दोस्रो पटक उक्त जेथा लिलाम बढावढको सूचना निकाल्नु पर्ने अवस्था आएमा दोस्रो पटक पनि डाँक लिलाम बढाबढमा कोही पनि मानिस उपस्थित नभएको अवस्थामा स्वयं वादीहरुले नै उक्त जेथा लिलाम सकार गर्नुपर्ने भएकोले वादीहरुले लिलाम सकार गर्दा वादी रितादेवी मल्लले क्षेत्रफल ००३३९.०० व.मि.जग्गा मध्ये पश्चिमतर्फबाट क्षेत्रफल ००१८५.०० व.मि.जग्गा र सो जग्गाले चर्चे जतिको कच्ची घर समेत सकार गर्नुपर्नेछ भने त्यसैगरी अर्का वादी काजल मल्लले सोही जेथा जग्गा क्षेत्रफल ००३३९.०० व.मि.जग्गा मध्ये रितादवी मल्लले पाउने जग्गादेखि पुर्वतर्फबाट क्षेत्रफल ००१५४.०० व.मि.जग्गा र सो जग्गाले चर्चे जतिको कच्ची घर समेत लिलाम सकार गर्नुपर्नेछ।

ईति संवत् २०७७ साल माघ महिना ०७ गते रोज ०४ मा शुभम्---------------------------------।

Scanned with CamScanner